19TH Feb 2025

# National News

## मुख्य समाचार

- प्राकृतिक प्रकोपबाट प्रभावित पाँच राज्यलाई केन्द्रद्वारा 1,554 करोड रुपैयाँ अतिरिक्त सहायता
- श्री ज्ञानेश कुमारले सम्हाल्नुभयो मुख्य चुनाउ आयुक्तको कार्यभार
- केन्द्रद्वारा बिहार, हरियाणा र सिक्किमका ग्रामीण निकायहरूलाई वित्तीय अनुदान जारी
- ग्रामीण नागरिकहरूको जीवनस्तर उकास्न भारत सरकारले क्रान्तिकारी योजनाहरू कार्यान्वयन गरिरहेको ग्रामीण विकास मन्त्रीको भनाई

## प्राकृतिक प्रकोपबाट प्रभावित पाँच राज्यलाई केन्द्रद्वारा 1,554 करोड रुपैयाँ अतिरिक्त सहायता

केन्द्रीय गृहमन्त्री अमित शाहको अध्यक्षतामा बसेको उच्च स्तरीय समितिले गत वर्षको आकस्मिक बाढी, पहिरो र आँधीजस्ता प्राकृतिक प्रकोपबाट प्रभावित पाँच राज्यलाई 15 हजार 54 करोड रुपैयाँभन्दा बढी अतिरिक्त केन्द्रिय सहायता प्रदान गर्ने निर्णय गरेको छ। यो रकम राष्ट्रीय आपदा मोचन कोष (NDRF) बाट जारी गरिएको हो। गृहमन्त्रालयका अनुसार, आन्ध्र प्रदेशका लागि 608 करोड रुपैयाँ, नागाल्यान्डका लागि 170 करोड, ओडिशाका लागि 255 करोड, तेलंगानाका लागि 231 करोड र त्रिपुराका लागि 2 सय अठासी  करोडभन्दा अधिक रुपैयाँ स्वीकृत गरिएको छ।

गृहमन्त्रालयले जनाएको छ कि यो सहायता राज्य आपदा मोचन कोष (SDRF) अन्तर्गत केन्द्र सरकारले राज्यहरूलाई पहिल्यै दिएको कोषभन्दा अलग छ।  वित्त वर्ष 2024-25 मा केन्द्र सरकारले 27 वटा राज्यलाई एसडीआरएफ मार्फत 18,322 करोड रुपैयाँभन्दा बढी तथा 18 राज्यलाई एनडीआरएफ मार्फत 4,808 करोड रुपैयाँभन्दा बढी कोष जारी गरिसकेको छ।

श्री ज्ञानेश कुमारले सम्हाल्नुभयो मुख्य चुनाउ आयुक्तको कार्यभार

श्री ज्ञानेश कुमारले आज नयाँ दिल्लीको निर्वाचन सदनमा भारतको नयाँ मुख्य चुनाउ आयुक्तको रूपमा कार्यभार सम्हाल्नुभयो। उहाँले यस पदमा राजीव कुमारलाई प्रतिस्थापन गर्नुभएको हो। मुख्य चुनाउ आयुक्तको रूपमा पदभार ग्रहण गरेपछि उहाँले आफ्नो सन्देशमा भन्नुभयो, "राष्ट्र निर्माणको पहिलो कदम मतदान हो। भारतका प्रत्येक नागरिकले मतदाता बन्नुपर्छ। 18 वर्ष उमेर पूरा गर्ने सबैले अनिवार्य रूपमा मतदान गर्नुपर्छ।" उहाँले संविधान, चुनाउ कानुन, नियम र आयोगका निर्देशनअनुसार चुनाउ आयोग सधैं मतदातासँग थियो, छ र रहनेछ भन्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

यसअघि श्री ज्ञानेश कुमार 15 मार्च 2024 देखि चुनाउ आयुक्तको रूपमा कार्यरत हुनुहुन्थ्यो। उहाँको कार्यकालमा 18औँ लोकसभा तथा जम्मू-कश्मीर, हरियाणा, महाराष्ट्र, झारखण्ड र दिल्लीका विधानसभाहरूको चुनाव सम्पन्न भएको थियो। सन् 1988 ब्याचका भारतीय प्रशासनिक सेवा (IAS) का अधिकारी श्री कुमार केरल क्याडरका हुनुहुन्छ। उहाँले केन्द्र र राज्य सरकार दुवैमा महत्त्वपूर्ण जिम्मेवारी सम्हालिसक्नु भएको छ।

केन्द्रद्वारा बिहार, हरियाणा र सिक्किमका ग्रामीण निकायहरूलाई वित्तीय अनुदान जारी

केन्द्र सरकारले पन्ध्रौँ वित्त आयोग अन्तर्गत वित्त वर्ष 2024-25 का लागि बिहार, हरियाणा र सिक्किमका ग्रामीण स्थानीय निकायहरूलाई अनुदान जारी गरेको छ। बिहारले 821 करोड रुपैयाँभन्दा बढीको अप्रयुक्त अनुदानको दोस्रो किस्ती र करिब अढतालिस करोड रुपैयाँको पहिलो किस्तीको रोकीएको रकम  प्राप्त गरेको छ। यो अनुदान अनिवार्य शर्तहरू पूरा गर्ने 38 जिल्ला पञ्चायत, 530 पात्र  ब्लक पञ्चायत र 8 हजारभन्दा बढी पात्र ग्राम पञ्चायतहरूका लागि हो।

हरियाणाका ग्रामीण स्थानीय निकायले 202 करोड रुपैयाँभन्दा बढी अनुदानको दोस्रो किस्ती र साढे सात करोड रुपैयाँभन्दा बढी अनुदानको पहिलो किस्तीको रोकीएको रकम प्राप्त गर्नेछन्। पञ्चायती राज मन्त्रालयका अनुसार, यो अनुदान 18 पात्र जिल्ला पञ्चायत, 142 पात्र ब्लक पञ्चायत र 6,200 भन्दा बढी पात्र ग्राम पञ्चायतहरूका लागि हो। सिक्किमले 6 करोड

रुपैयाँभन्दा बढी अनुदानको दोस्रो किस्त प्राप्त गरेको छ। यो अनुदान चार पात्र जिल्ला पञ्चायत र एक सय छ्यासि पात्र ग्राम पञ्चायतका लागि प्रदान गरिएको हो।

## ग्रामीण नागरिकहरूको जीवनस्तर उकास्न भारत सरकारले क्रान्तिकारी योजनाहरू कार्यान्वयन गरिरहेको ग्रामीण विकास मन्त्रीको भनाई

भारतका ग्रामीण विकास मन्त्री शिवराज सिंह चौहानले, सरकार ग्रामीण नागरिकहरूको जीवनलाई अझ सहज बनाउने उद्देश्यले विभिन्न क्रान्तिकारी योजनाहरू कार्यान्वयन गरिरहेको बताउनुभएको छ । उहाले यी योजनाहरूले देशको अर्थतन्त्रलाई नयाँ गति प्रदान गरेको पनि उल्लेख गर्नुभयो। श्री चौहानले नयाँ दिल्लीमा आयोजित अफ्रिकी-एसियाली ग्रामीण विकास संगठन (AARDO) को एक कार्यक्रममा भारतले AARDO को बहुपक्षीय मञ्चमार्फत ज्ञान, प्रविधि तथा नीतिहरूको आदान-प्रदानलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्नुभयो। साथै, उहाले भारत AARDO लाई आफ्नो निरन्तर समर्थन प्रदान गर्दै ग्रामीण समुदायलाई सशक्त बनाउन लागिपर्ने बताउनुभयो। BYTEE

कार्यक्रमका क्रममा मन्त्री चौहानले महात्मा गान्धी राष्ट्रिय ग्रामीण रोजगार ग्यारेन्टी योजना (MGNREGA), प्रधानमन्त्री ग्रामीण सडक योजना, एक पैड मा के नाम अभियान, र लखपति दीदी जस्ता योजनाहरूबारे चर्चा गर्नुभयो। उहाले भारत आज खाद्यान्न उत्पादनमा आत्मनिर्भर मात्र नभई अन्य राष्ट्रहरूलाई पनि सहयोग गरिरहेको बताउनुभयो।

## ओडिशाका मुख्यमन्त्रीद्वारा भुवनेश्वरस्थित एक विश्वविद्यालयमा नेपाली छात्राको मृत्यु प्रकरणमा न्यायको प्रतिबद्धता

ओडिशाका मुख्यमन्त्री मोहन चरण माझीले भुवनेश्वरस्थित एक विश्वविद्यालयमा एक नेपाली छात्राको कथित आत्महत्या-सम्बन्धी घटनामा न्याय दिलाउने प्रतिबद्धता व्यक्त गर्नुभयो । मुख्यमन्त्री माझीले आज नेपाल राजदूतावासका अधिकारीहरूसँग छलफल गर्दै घटनाबारे गम्भीर ध्यान दिइने बताउनुभएको छ। साथै, उहाले विश्वविद्यालय परिसरमा शान्ति र सामान्य अवस्था पुनःस्थापित गरिने आश्वासन दिनुभएको छ। उक्त विश्वविद्यालयमा सयौं नेपाली विद्यार्थी अध्ययनरत छन्। घटनापछि कतिपय नेपाली विद्यार्थीहरूले कलेज छोडेर घर फर्किएको बताइएको छ। मुख्यमन्त्री माझीले उनीहरूलाई पुनः विश्वविद्यालय फर्केर आफ्नो

अध्ययनलाई निरन्तरता दिन आग्रह गर्नुभएको छ । यस घटनासम्बन्धमा नेपालकी विदेश-राष्ट्रमन्त्री आरजू राणा देउबाले ओडिशाका उच्च शिक्षामन्त्री सूर्यवंशी सूरजसँग टेलिफोन संवाद गर्नुभयो । ओडिशा सरकारले घटनाको निष्पक्ष अनुसन्धानका लागि गृह विभागका मुख्य सचिवको अध्यक्षतामा एक उच्चस्तरीय समिति गठन गरेको छ। यसैबीच, मृतक छात्रालाई न्याय दिलाउन माग गर्दै विश्वविद्यालय परिसरमा विद्यार्थीहरूको विरोध प्रदर्शन जारी छ।

## पुडुचेरी सरकारद्वारा अंग दातालाई राजकीय सम्मान प्रदान गर्ने घोषणा

पुडुचेरी सरकारले अंग दाताहरूलाई उनीहरूको जीवन-रक्षक योगदानको सम्मानस्वरूप राजकीय सम्मान प्रदान गर्ने घोषणा गरेको छ। यस पहललाई कार्यान्वयन गर्न आवश्यक दिशानिर्देश तयार पारिएका छन्। सरकारका अनुसार अस्पतालहरूले मस्तिष्क-मृत व्यक्तिहरूका घटनाबारे तत्काल जिल्ला अधिकारीहरू र क्षेत्रीय प्रशासकहरूलाई जानकारी दिनुपर्नेछ। नयाँ दिशानिर्देशअनुसार, जिल्ला अधिकारीहरू र क्षेत्रीय प्रशासकहरूले अंग दाताका घर पुगेर श्रद्धाञ्जलि अर्पण गर्नुपर्नेछ। साथै, गणतन्त्र दिवस र स्वतन्त्रता दिवस जस्ता अवसरहरूमा उपराज्यपाल वा मुख्यमन्त्रीले अंग दाताका परिवारलाई सरकारी कार्यक्रममा निमन्त्रणा दिने र सार्वजनिक रूपमा सम्मान गर्ने व्यवस्था गरिएको छ।